# विपश्यना

साधकहरुका लागि
प्रेरणा पत्र

बुद्ध वर्ष २५५३ | बैशाख २०६७ | वर्ष २७ अङ्क १


## धम्मवाणी

**अन्तोजटा बहिजटा, जटाय जटिता पजा ।**
**तं तं गोतम पुच्छामि, को इमं विजटये जटं ॥**

भित्र पनि गाँठो छ बाहिर पनि गाँठो छ, गाँठोमा अल्झिएका छन् । त्यसैले हे गौतम, जटालाई कसले फुस्काउन सक्छ तपाईं भनिदिनुस् ।

**सीले पतिट्ठाय नरो सपञ्ञो, चित्तं पञ्ञञ्च भावयं ।**
**आतापी निपको भिक्खु, सो इमं विजय्ये जटं ॥** (सं.नि. जयसुत्त)

कोही समझदार व्यक्ति शीलमा प्रतिष्ठित भएर समाधि र प्रज्ञाको अभ्यास गर्दछ भने यस्तो परिपक्व तपस्वी साधकले यस जटालाई सुल्झाउँछ ।

## भगवान देव - मनुष्यका शास्ता

भगवान तथागत देवता- तथा मनुष्यहरूका साथ-साथै यक्ष, किन्नर, गन्धर्व, नाग आदिकापनि शास्ता हुनुहुन्थ्यो । भगवानले ऋषिपत्तन मृगदायमा पहिलो पटक धर्मचक्र प्रवर्तनको उपदेश दिनु भएको केही क्षणपछि नै सातागिरि र हेमवंत यक्ष आफ्नो एक हजार साथिहरू सहित भगवानलाई भेट्न आएका थिए । भगवानले उनीहरूलाई पनि धर्म सिकाउनु भयो । दुबै जना अत्यन्त प्रसन्न भए र आफ्ना ऋद्धि सम्पन्न, यसस्वी यक्षहरू सहित भगवानको शरणमा आए । उनीहरूले गाऊँ-गाऊँ, पर्वत पर्वतमा अनुत्तर धर्मको वयान गर्दै विचरण गर्ने निर्णय गरे । यसप्रकार अनुत्तर शास्ताको अनुत्तर धर्मको चर्चा दशै दिशामा फैलियो ।

त्यसपछि देवताहरूका समूह-समूह भगवानलाई भेट्न आए । भगवानले रातिको एक समय देवताहरूका लागि छुट्याएका थिए । देवताहरू भगवानलाई धर्म सम्बन्धी प्रश्न गर्दथे र भगवान संतोषजनक उत्तर दिनु हुन्थ्यो । यस्को चर्चा धेरै भन्दा धेरै फैलिन थाल्यो र देवताहरूको भीड झन-झन बढ्न थाल्यो । ठू-ठूला ऋद्धिवान देवताको भीडले भगवानलाई घेरिएको हुन्थ्यो अत: साना-तिना देवताहरू त भगवानसम्म पुग्न नै पाउँदैन थिए ।

भगवानलाई भेट्न दिनमा जनसमूदायको ताँती लाग्दथ्यो । यस्को व्यवस्था भगवानको निजी सहायक आनन्दले गर्दथ्यो; कसलाई भेटाउने कसलाई नभेटाउने आदि काममा आनन्द सिपालु थिए । तर आनन्दसंग दिब्य चक्षु थिएन अत: रातमा भेट्न आउने देव-ब्रह्माहरूको व्यवस्था आनन्द गर्न सक्दैनथे । यस्तो लाग्छ कि रातिको देब-सभा कुनै निजी सहायक विना नै चल्दथ्यो । त्यसैले देवताहरूको अब्यवस्थित भीड लागिरहन्थ्यो ।

एक पटक देवराज शक्र (इन्द्र) ले रातको भीडमा जानुको सत्ता दिनको एकान्तमा गएर भगवानलाई भेट्न चाहे । तर त्यस समय भगवान समाधिमा रहनु भएको कारण भेट्न सकेन । देवेन्द्र शक्रलाई सबै मानिसहरू एकजना महत्वपूर्ण देवताको रूपमा पुज्दछन् । तर शक्र मानवी भिक्षु संघलाई नमस्कार गर्दथे । यस्तो देखेर उनका सारथी मातलिलाई आश्चर्य लाग्यो अत: उनले आफ्नो मालिकसंग प्रश्न गरे कि "तपाईं जस्लाई नमस्कार गर्नुहुन्छ ती गन्हाउने मानिसहरू भौतिक आहार ग्रहण गर्छन् जस्को कारण उनीहरूको शरीरबाट मल, मूत्र, पसीना आदि दुर्गन्ध निस्कन्छ, भगवान पनि त्यस्तै मानवी रूप कायाधारी नै हुनुहुन्छ, तर पनि यति धेरै संख्यामा देवता तथा ब्रह्मा त्यहाँ किन जान्छन् ?"

यसलाई राम्ररी बुझौं । धातु तरंग केवल भौतिक शरीरको मात्र हुँदैन, चित्त धाराको पनि हुन्छ, अर्थात नाम कायाको पनि हुन्छ । सन्तहरूको नाम काया पवित्र हुन्छ त्यसैले उनीहरूको चित्तको धातु तरंग शरीरको धातु तरंग भन्दा अधिक तेजिलो भएको कारण शरीरको दुर्गन्ध डबिएर रहन्छ र झन प्रिय लाग्न थाल्छ । शरीरको दुर्गन्ध चित्तको पवित्रताको सुगन्ध संग मिलेर झन सुगन्धित हुन थाल्छ । यसैलाई लक्षित गर्दै देवेन्द शक्रले उत्तर दिंदै भने"चिर कालदेखि धर्ममा दीक्षित रहेका ऋषिहरुको गन्ध जब शरीरबाट निस्किएर हावामा मिसिएर आउँछ तब दुर्गन्ध आउनुको सत्ता शीरमा लगाएको फूलको वास्ना झैं सुगन्धित हुन्छ ।"

चित्त धारा श्रेष्ठ गुणद्वारा भरेको छ भने त्यसको धातु तरङ्ग सुगन्धले भर्छ र सबैलाई प्रिय लाग्न थाल्छ । शास्ता त सम्यक सम्बुद्ध हुनुहुन्छ । उहाँको चित्त धारा त परम श्रेष्ठताले भरेको हुन्छ । उहाँको चित्त-धारा परम सत्यताले भरेको हुन्छ, करूणा र मैत्रीले भरेको हुन्छ अत: अत्यन्त सुगन्धित हुन्छ । त्यसैले उहाँ जुन कुटीमा विहार गर्नुहुन्थ्यो । त्यसलाई गन्धकुटी भनिन्छ । सारा देव-समाज साधारणतया मानवीय गन्धदेखि टाढा रहन चाहन्छन् तर मानव शास्तादेखि भने आकर्षित हुन्थे । किनकि शास्ताको धातु तरंग यी देव-ब्रह्माको तरंग भन्दा अधिक पवित्र थियो । त्यसैले यी देव- ब्रह्माहरू भगवानको नजिक आउँदथे । तर उहाँलाई स्पर्श गर्दैनथे, केही पर बसेर नमस्कार गर्दथे । यसप्रकार स्थिति बदलिएको छ । जुन धातु-तरंगको गन्धको कारण देवताहरूलाई मानव अस्पृश्य लाग्दथ्यो उही मनुष्य अरहन्त तथागत बनेपछि देवता र ब्रह्मा उनको लागि अदृश्य लाग्न थाल्यो ।

यो मनुष्यहरूको महिमा हो मनुष्य जब साधना द्वारा विद्या चरण सम्पन्न सम्यक सम्बुद्ध बन्दछ तब केवल मनुष्य समाजमा मात्र होइन कि सबै देव-ब्रह्माका समाजमा पनि श्रेष्ठ बन्दछ । मानव यस उचाईसम्म पुग्न सक्छ त्यसैले भगवानले भन्नुभयो कि देवताहरूका लागि मनुष्य जन्म सुगतिगमन हो यसरी भगवान शास्ता देव-ब्रह्माहरूका शास्ता हुनुका साथ-साथै सम्पूर्ण मानवमा श्रेष्ठ सर्वोत्तम हुनुहुन्छ ।

यसरी ब्रह्मा तथा शक्रका साथ साथै त्यस समयमा अत्यन्त पूज्य चार दिशाका लोकपाल महाराजाहरू आफ्ना साथिहरू सहित

Downloaded from http://www.dhamma.digital

भगवानलाई भेट्न आउँथे । गन्धर्वहरूका अधिपति धृतराष्ट, कुम्भड देवताका अधिपति विरूल्हक, नागहरूका अधिपति विरूपाक्ष, यक्षहरूका अधिपति कुवेर आदि आ-आफ्ना गण सहित भगवानलाई नमस्कार गर्दै दर्शन गर्दथे ।

अधिकांश देवताहरू भगवानको दर्शन मात्र गर्दैनन् धर्म चर्चा तथा धर्म सम्बन्धी प्रश्न-उत्तर, छलफल गर्नका लागि आउँदथे । भगवान उनीहरुको शंकालाई हटाउँदै उत्तर दिनुहुन्थ्यो । कोही कोही देवता एकदम समझदार भएर प्रश्न गर्दथे, भव मुक्त हुने प्रयास गर्दथे ।

प्राणी जब भुत तथा भविष्यको चिंता गर्दछ तब दुःखी हुन्छ । जब वर्तमान क्षणमा जिउन सिक्दछ तब सुख पूर्वक जीवन जिउन सिक्दछ । भगवान यही सिकाउनु हुन्थ्यो । सतत, सजग अर्थात स्मृति र सम्प्रज्ञानयुक्त रहने विपश्यना विद्या सिकाउनु हुन्थ्यो । जसले यसको अभ्यास गर्दथ्यो उसले यसबाट लाभ प्राप्त गर्दथ्यो ।

भगवानको सम्पर्कमा आएर यक्ष मणिभद्रले प्रसन्न हुँदै आफ्नो उद्‌गार यसरी ब्यक्त गरे । सजग रहने स्मृतिमानको संधै मंगल हुन्छ । सजग रहनेलाई सँधै सुख प्राप्त हुन्छ । जो "सजग हुन्छ, स्मृतिमान हुन्छ उही श्रेष्ठ हुन्छ । यस्तो ब्यक्ति शत्रुबाट सदाको लागि विमुक्त रहन्छ ।"

मणिभद्रको यस्तो उद्‌गारलाई थप्दै भगवानले् भन्नु भयो-जसले रात-दिन, हर समय हिंसा गर्दछ अर्थात जसले अहिंसा धर्मलाई पालना गर्दछ उसले सबै प्राणीहरू प्रति मैत्री भाव राख्दछ, यस्तो ब्यक्ति शत्रुबाट सँधै मुक्त रहन्छ । त्यस्तै जो ब्यक्ति द्वेष दुर्भावनाबाट सर्वथा विमुक्त रहन्छ । यस्तो ब्यक्ति पनि वैरभावबाट विमुक्त रहन्छ । यसको लागि विपश्यना साधनाको अभ्यास गर्नुपर्छ । "भगवानले अगाडि फेरि थप्नु भयो, मुखले भन्दैमा वा कानले सुन्दैमा कोही मुक्त हुँदैन काम गर्नुपर्छ । यी मारको वन्धनबाट मुक्तहुने प्रतिपदा छ, मार्ग छ, यसमार्गमा क्रमश: अगाडि बढेमा नै मुक्त हुन्छ ।"

धर्मको चर्चा-परिचर्चा मात्र गर्दै रहे मुक्तिको लाभ प्राप्त हुँदैन । यसको लागि भरपूर मिहेनत गर्नुपर्छ । तब मात्र मुक्त अवस्थासम्म पुग्न सक्छ । वाणी-विलास र श्रुति विलास राम्रो लाग्छ किनकि मिहेनत गर्नु पर्दैन, सरल छ । परन्तु धर्मको अभ्यास कठिन हुन्छ । शास्ता यही कठिन काम गराउनु हुन्छ, यसैको लागि प्रेरणा दिनु हुन्छ ।

देवताहरूलाई पनि अभ्यास गर्नु कठिन हुन्थ्यो अत: कामद नामक देवपुत्रले भगवानलाई भने कि चित्तलाई समाहित गर्नु दुष्कर छ, कठिन छ । यो मार्ग अत्यन्त दुर्गम छ, विषम छ ।

भगवानले उनलाई सान्त्वना दिँदै भन्नुभयो यो मार्ग दुर्गम र विषम भए तापनि सबै आर्य ब्यक्ति यसै मार्गमा हिंड्छन् र विमुक्त हुन्छन् । भगवान शास्ताले धर्मलाई केवल श्रुत ज्ञान र चिन्तन ज्ञानसम्म मात्र सिमित राख्नु भएन, त्यसलाई भावित गर्न सिकाउनु भयो, धारण गर्न सिकाउनु भयो । केवल सुनेर, चिन्तन गरेर परम सुख निर्वाण साक्षात्कार गर्न सक्दैन । यसको लागि प्रमाद त्यागेर स्वयं ध्यान गर्नु पर्छ । यस कुरालाई भगवान शास्ताले पटक पटक सम्झाउनु भएको तथ्यहरू थुप्रै पाइन्छन् ।

एक समय अनाथपिण्डिकको जेतवन विहारमा भगवानलाई भेट्न देवताहरू आए । भगवानले उनीहरूलाई सम्झाउँदै भन्नुभयो–

"अप्रमत्त भएर ध्यान गर्ने ब्यक्तिले नै परम सुख निर्वाणको प्रीप्ति गर्न सक्छ ।"

एक सम्यक सम्बुद्ध र अर्को सम्यक सम्बुद्धको बिचमा लामो समयको फरक हुन्छ त्यसैले निर्वाणको दर्शन गराउने मार्ग लुप्त भइसकेको हुन्छ । जब भगवानले यस हराइसकेको मुक्तिदायिनी मार्गलाई खोजेर निकाल्नु भयो । तब जो धेरै लामो आयु भएका दीर्घायु देवताहरू छन् उनीहरूले पूर्व बुद्धको समयमा मुक्त भएका मानिसहरुलाई पनि देखेका थिए उनीहरू खुसीले गदगद भए । यति धेरै समय पछि कोही मुक्त भएको देखेर हर्ष विभोर भए र भगवान समक्ष प्रकट भएर आफ्ना उद्‌गार ब्यक्त गरे ।

भगवान शास्ताले धर्मचक्र प्रवर्तन गर्नु भएपछि उहाँको शिक्षा निक्कै फैलिन थाल्यो, मनुष्य लोक, ब्रह्म लोक तथा देवलोकमा प्रसिद्धि फैलिन थाल्यो । भगवान एक समय कपिलवस्तुको महावनमा आफ्ना पाँच सय अरहन्त भिक्षुहरू सहित विहार गरिरहनु भएको थियो । यही महासमयको अवसरमा भगवानको शिक्षाबाट प्रसन्न भएर दस लोकधातु अर्थात दश चक्रवालका देवताहरू एकत्र भएर भगवान तथा उनका भिक्षु संघको दर्शन गर्न आए । यस घटनालाई महासमयसूत्रमा वर्णन गरिएको पाइन्छ । त्यस्तै आटानाटिय सूत्रमा चार लोकपालका महाराजा तथा अन्य अनेक देवता बुद्ध तथा संघको रक्षा गर्न तत्पर रहेको कुरा उल्लेख छ । यसरी भगवानबुद्ध देव तथा ब्रह्माहरूका पूज्य तथा प्रतिष्ठित र धेरैका शास्ता हुनुहुन्थ्यो ।

देवेन्द शक्र भगवानका शिष्य तथा प्रशंसक थिए, अन्य देवी-देवता पनि भगवानका श्रद्धालु र प्रशंसक थिए । यसको कारण देवेन्द्र शक्र भगवानको शिष्य भएकोले मात्र होइन । ती देवी - देवता स्वयं भगवानको धर्म-देशना सुन्दथे त्यसबाट प्रत्यक्ष प्रभावित र लाभान्वित हुन्थे । उनीहरू भगवानको कल्याणकारिणी धर्म देशना सुन्न मनपराउँथे । तर अलिकति बाधा आइपरेको पनि मन पराउँदैनथे ।

एक पटक भगवान श्रावस्तीको जेतवन विहारमा भिक्षुहरूलाई निर्वाण तथा निवार्णगामी प्रतिपदाको बारेमा धर्मोपदेश गरिरहनु भएको थियो । उहाँको वाणी एकदम हृदय स्पर्शी थियो । भिक्षुहरू दत्तचित्त भएर सुनीरहेका थिए । त्यही बाटोबाट एकजना यक्षिणी गईरहेकी थिइन । उनी पनि त्यहीं रोकेर प्रवचन सुन्न थाली । उसलाई प्रवचन अत्यन्त राम्रो लाग्यो । यक्षिणीको साथमा उनका पुत्री उत्तरा र पुत्र पुनर्वसु थिए । बच्चाहरू हल्ला मचाइरहेका थिए । आमालाई हल्ला मन परेन, उस्ले बच्चाहरूलाई हल्ला नगर म भगवानको उपदेश सुनिरहेछु भन्दै सम्झाइन् –

हेर, भगवान उपदेश दिइरहनु भएको छ । यस समय धर्ममा मेरो श्रद्धा बढेको छ । संसारमा पुत्र प्रिय लाग्छ, पति प्रिय लाग्छ । परन्तु मलाई यो मुक्तिको मार्ग उनीहरू भन्दा पनि प्रिय लागेको छ, कोही प्रिय पुत्र अथवा पतिले दुःखबाट मुक्त गर्न सक्दैन । तर यो सधर्मले प्राणीहरूको दुःखबाट मुक्त गरिदिन्छ । यो जरा-मरणको दुःखबाट मुक्त गराउने धर्म सिक्न चाहन्छु त्यसैले हे, पुनर्वसु चूप लाग । छोरा र छोरी चूप लागे र भने हे आमा, तपाईलाई धर्म सुन्न सुखकर छ भने सुन ।

छोरा-छोरीको उत्तर सुनेर आमा प्रसन्न हुँदै बोलिन् मेरो कोखबाट जन्मेका पुत्र-पुत्री धन्य छौं, समझदार छौं । धर्म सुन्दा सुन्दै श्रद्धालु यक्षिणीलाई चारै आर्यसत्यको साक्षात्कार भयो र सोतापन्न भइन तब भाव विभोर भएर भनिन्–

हे पुनर्वसु ! तिमी सुखी होऊ, आज मेरो उत्थान भएको छ । आर्यसत्यको दर्शन भएको छ । उत्तरा तिमी पनि मेरो कुरा सुन ।

Downloaded from http://www.dhamma.digital

यस घटनाबाट हामी बुझ्दछौं कि घर गृहस्थीमा अल्भिएकी यक्षिणी भगवानको प्रवचन सुनेर कसरी प्रभावित भइन् र लाभान्वित भइन् ।

यस्तो घटनालाई एकजना मात्र होइन अनेक देवता र यक्षहरू भगवानको शिक्षाबाट प्रभावित भएका थिए । भगवानको धर्म केवल भिक्षुहरूका लागि मात्र थिएन । अनेकौं गृहस्थ उपासकहरूले गृहस्थ अवस्थामा नै भगवानको शिक्षा पाएर दुःखबाट मुक्त भएको उदाहरणहरू थुप्रै पाइन्छन् । राजा होस् अथवा प्रजा भगवानको सम्पर्क अर्थात धर्मको सम्पर्कमा आएर चित्त विशुद्धिको मार्गमा अघि बढ्दै आफूलाई जीवन मुक्त गर्न सफल हुन्थे । भगवान सबैलाई यस मार्गमा हिँड्ने प्रेरणा दिनु हुन्थ्यो ।

सम्यक सम्बोधि प्राप्त गरेपछि भगवान कपिलवस्तु जानुभएको थियो, उहाँको धर्म देशना सुनेर महाराज शुद्धोदन, महारानी प्रजापती, कुमार राहुल, राहुल माता यशोधरा, राजा दण्डपाणि सहित शाक्य तथा कोलिय परिवारका धेरै व्यक्तिहरूले यस मार्गलाई हासिल गरे । धेरै जना भिक्षु-संघमा सम्मिलित भए । यस्तो देखेर भगवानको काकाको छोरा अनुरूद्ध प्रव्रजित हुन निक्कै आत्तिए तर उनकी आमाले भने उनलाई अनुमति दिएन । तर अनुरुद्ध भने जिद्दी गर्न थाले । केही गरेर पनि नमाने पछि आमाले एउटा शर्तमा अनुमति दिइन्, यदि उनका साथी गोधिय-पुत्र शाक्य राजा भद्दिय पनि प्रव्रजित हुने भए हुन्छ भन्ने प्रस्ताव राखिन् । शाक्यहरूको शासनमा जनतंत्रीय व्यवस्था थियो । त्यस समयमा जनतंत्रीय संसदका सबै सदस्यलाई राजा भनिन्थ्यो र प्रत्येक संसदलाई कुनै न कुनै विभागमा जिम्मा दिइन्थ्यो । अतः भद्दिय पनि जिम्मेदार राजा थिए । अनुरूद्धको आमाको विचारमा भद्दिय घर छोड्न कहिल्यै पनि तयार हुँदैन भन्ने थियो । तर अनुरूद्धले उनलाई वचनबद्ध गरेर प्रबज्या गर्न तयार गरे । राजा भद्दिय र अनुरूद्ध अन्य साथिहरू सहित भगवान समक्ष प्रव्रजित भए । भगवानले सिकाउनु भएको मार्गको अभ्यास गरेर भद्दिय छिट्टै अरहन्त भए । आफूले अनुत्तर अवस्था प्राप्त गरेको कारण हर्ष उद्‌गार व्यक्त गर्दै भने– **अहो सुखं, अहो सुखं** ।

तर अन्य भिक्षुहरूको विचारमा भद्दिय वचनबद्ध भएर मात्र प्रव्रजित भएका थिए । त्यसैले आफ्नो गृहस्थ जीवनको सम्झना गरेर यस तो बोलिरहेछ भन्ने लाग्यो । भगवानले ती भिक्षुहरूको भ्रमलाई हटाउन तिनीहरूको सामु भद्दियलाई बोलाए र त्यस्तो उद्‌गार व्यक्त गर्नुको कारण सोधे । भद्दियले स्पष्ट गर्दै भने जब कोही व्यक्ति राजाको पदमा हुन्छ उसलाई सुरक्षाको व्यवस्था गरिन्छ । महल भित्र-बाहिर, नगरको भित्र-बाहिर, जनपदको भित्र-बाहिर, सुरक्षाको व्यवस्था हुन्छ । यस्तो व्यवस्था भएतापनि ज्यानको खतरा भइरहन्छ । यसको उल्लेख गर्दै भद्दियले भने - यस्तो सुरक्षा भएर पनि संत्राश, भयभीत, सशंकित रहन्थें तर अब एक्लै जंगलमा रूख मुनी अथवा शुन्यागारमा रहँदा पनि असंत्रस्त, शान्त र परायले दिएको दानमा सतुष्ट छु । यस्तो देखेर नै मेरो मुखबाट **अहो सुखं** भन्ने वाक्य निस्केको हो ।

राजा भद्दियको साथमा आएका शाक्य तथा कोलिय राजकुमार हरू भगवानको शिष्य भए । पछि दुई सयपचास शाक्य राजकुमार तथा दुईसय पचास कोलिय राजकुमार भगवान समक्ष प्रव्रजित भए । यी पाँच सय राजकुमारहरू रोहिणी नदीको पानीको लागि युद्ध गर्न तम्सिएका थिए । भगावनले उनीहरूलाई यस दुष्कर्मबाट बचाउनु भयो र प्रव्रजित भएपछि यिनीहरूले अरहन्त अवस्था प्राप्त गरे । यिनै पाँचसय भिक्षुहरू सहित भगवान हिमालयको महावनमा विहार गर्नु हुँदा महासमयको अवसर आएको थियो । भगवान सहित यी पाँच सय अरहन्त भिक्षु संघको दर्शनार्थ दश चक्रवालका देव- व्रह्माहरू एकत्र भएका थिए ।

त्यस्तै भगवानको जीवनकालको एउटा घटना–

त्यस समयका छः जना प्रमुख धर्म आचार्यहरू मध्यका एकजना संजय थिए, उनी मगधको राजधानी राजगृहमा रहन्थे र उनका दुईसय पचासजना शिष्यहरू मध्ये सारिपुत्र र मोग्गलायन प्रमुख थिए ।

एकदिन परिब्राजक सारिपुत्रले राजगृहको शहरमा आयुष्मान अश्वजित भिक्षाटन गर्दै हिँडको देखे । उनको हिंडाई, तल झुकेको आँखा, व्यवस्थित चीवर, शान्ति र कान्तियुक्त मुहारलाई देखेर अत्यन्त प्रभावित भए । यो व्यक्ति अरहन्त हुनुपर्छ अथवा यस मार्गमा आरूढ व्यक्ति हुनुपर्छ भन्ने सोचेर अधिक जानकारी प्राप्त गर्ने उद्देश्यले सारिपुत्र उनको पछि-पछि लागे । भिक्षा पूरा भएपछि भिक्षु अश्वजित भोजन गर्न कुनै एकान्त स्थानमा बसे । सारिपुत्र त्यहाँ गएर नमस्कार गर्दै भने "तपाईको चेहराको इन्द्रिय अत्यन्त शुद्ध र शान्त छन् । तपाईंको आचार्य को हो ? र तपाईं कसले सिकाएको धर्मको आचरण गर्नुहुन्छ ?"

अश्वजितले आफू शाक्य कुलबाट प्रब्रजित भएका भगवान गौतम बुद्धका शिष्य र उनले सिकाएको धर्मलाई पालन गरिरहेको स्पष्ट पारे । जब शारिपुत्रले उनको मतको बारेमा सोधे तब अश्वजितले संक्षेपमा उत्तर दिंदै भने-

**ये धम्मा हेतुप्पभवा, तेसं हेतुं तथागतो आह ।**
**तेसञ्च यो निरोधो, एवंवादी महासमणो ॥**
*(महाव. ६० सारिपुत्तमोग्गल्लन-पबज्जा कथा)*

– जुन कुनै कारणबाट उत्पन्न भएकोछ, त्यसको कारण तथागत बताउनु हुन्छ र त्यसको निराधको कारण पनि बताउनु हुन्छ । महा श्रमणको यही वाद हो । यही नै कथन हो र यही उहाँको शिक्षा हो ।

भगवान बुद्धको कुनै दार्शनिक वाद अथवा मत थिएन । उहाँ एकजना व्यावहारिक शिक्षक-शास्ता हुनुहुन्थ्यो । परिब्राजक सारिपुत्र अनन्य पुण्य-पारमीका धनी थिए । उनले तुरून्त बुझे कि संसारमा जति पनि दुःख छन् ती बिना कारण उत्पन्न हुँदैनन् । भगवान त्यसको उत्पत्तिको मूल कारण बताउनु हुन्छ र यति मात्र होइन कि त्यसको निरोध अर्थात नितान्त उन्मूलन गर्ने साधना पनि बताउनु हुन्छ । म यही नै खोजिरहेको छु । वाद-विवाद बढाउने मत- मतान्तरीय मान्यता के काम ? अर्थ पूर्ण शिक्षा त यही हो र यस शिक्षा प्राप्त गरेका अत्यन्त आकर्षक र आदर्श उदाहरण उनले आफ्नो अगाडि देखिरहेका थिए । सारिपुत्रलाई बुझ्न गाह्रो भएन । यो गाथा सुनेर उनको मन प्रीति-सुखले भर्न थाल्यो । भित्र अनित्य बोधिनी विपश्यना जाग्यो । उनको धर्म-चक्षु खोल्यो, उनले धर्म अनुभव गऱ्यो अनि आफ्नो उद्‌गार वचन व्यक्त गऱ्यो–

**यं किञ्चि समुदयधम्मं, सब्बं तं निरोध धम्मान्ति**

यसप्रकार निरोध- निर्वाणको अनुभव गरेर सारिपुत्र स्रोतापन्न भए । ऊ प्रसन्न हुँदै आफ्नो मित्र मौदगल्यान कहाँ गए । उनले आफूलाई घटेको विवरण सबै सुनाए । मौदगल्यान पनि विपुल पुण्य पारमीका धनी थिए । सुन्दा सुन्दै उनको पनि धर्म चक्षु खोल्यो र स्रोतापन्न भयो । दुबै जनाले तुरून्त नै भगवानको दर्शन गर्ने निर्णय गरे । उनीहरूले आफ्ना निर्णय दुईसय पचासजना साथिहरूलाई सुनाए । उनीहरू सबैजनाले साथमा जाने निर्णय गरे । उनीहरूले आफ्ना आचार्य संजयसंग पनि कुरा गरे तर उनी भने संगै जान मानेनन् ।

Downloaded from http://www.dhamma.digital

सारिपुत्र र मौदगल्यान आफ्ना साथिहरू सहित भगवानको शरणमा गए र प्रव्रज्या ग्रहण गरे र दुबै जनाले थोरै समय पछि नै अरहन्त अवस्था प्राप्त गरे। यस घटनाले मानिसहरूमा धेरै गहिरो प्रभाव पाऱ्यो। अनेकौं प्रसिद्ध गृहस्थ पुरुषहरू भगवानको शरणमा आएर प्रव्रजित हुन थाले। कसैलाई यस्तो गरेको मन परेन। उनीहरूको बिचारमा श्रमण गौतम आफ्नो सम्प्रदाय बढाउने प्रक्रियामा लागेको छ, काश्यप तथा उनका एक हजार जटाधारिहरूलाई प्रव्रजित गरे यतिले सन्तोष नभएर अब प्रसिद्ध - गृहस्थहरूलाई प्रव्रजित गर्न थाले यसरी आफ्नो सम्प्रदाय बढाउन खोज्दै छ।

मानिसहरूमा छाएको यो भ्रमलाई हटाउँदै भगवानले भन्नुभयो कि उनीहरूलाई भ्रम भइरहेछ, यो आफै तुरुन्त हट्नेछ। साँच्चै यस्तै भयो। भगवानको मांगलिक उपदेश मानिसहरूले बुझ्न थाले। भगवान् आफ्नो सम्प्रदाय बढाउनको लागि यस्तो गरिरहेको होइन। मानिसहरूको मंगलको लागि उनीहरूको कल्याणको लागि उहाँले सत्य धर्म सिकाउनु भयो, शुद्ध धर्म सिकाउनु भयो। यसमा उहाँको कतै पनि स्वार्थ थिएन। उहाँ त मानिसहरूलाई सत्य- धर्म तर्फ लान- चाहनुहुन्थ्यो।
(साभार: त्रिपिटक में सम्यक सम्बुद्ध)

**श्री जयराम रञ्जितकार (व.स.आ) गत वैशाख १५गते दिवंगत हुनुभयो। शिविर सञ्चालन कार्यमा उहाँले निरन्तर सेवा प्रदान गर्दै आउनु भएको थियो। उहाँको धर्मपत्नी शारदा रञ्जित (स.आ) को अनुसार पूर्ण होस् सहित उहाँले शरीर त्यागनु भयो। उहाँको मंगल होस्।**

## धर्मगाथा प्रायोजन गर्न आह्वान

साधकहरूको प्रेरणाको लागि यस "विपश्यना" पत्रिकामा पुज्य गुरूजीको लेखको साथ साथै गाथा (दोहा) पनि नियमित रूपमा प्रकाशित भईरहेकोछ। पत्रिका प्रकाशन गर्दा केन्द्र माथि पर्ने आर्थिक भार कम गर्ने अभिप्रायले उक्त गाथा प्रायोजन गराउने गर्दै आएको छ। पुराना साधक साधिकाहरुले अथवा उनका फर्महरूले प्रति गाथा प्रति अंक रु. ५००/- आर्थिक सहयोग दिई प्रायोजन गर्न सक्नेछन्। साधकहरूको प्रेरणामा सहयोगी बन्न इच्छुक साधक-साधिकाहरूले गाथा प्रायोजन गरी पुण्य लाभी बन्नुहोस्। यस्को लागि ज्योति भवनको कार्यालयमा सम्पर्क राख्नुहोला।

# धर्म गाथा

## हिन्दी

धर्म धर्म तो सब कहें, पर समझे ना कोय।
निर्मल चित्त का आचारण, धर्म शुद्ध है सोय॥

शील धरम पालन करें, करे समाधि अभ्यास।
ऋतंभरा प्रज्ञा जगे, करे दु:खों का नाश॥

बँधे जाति से वर्ण से, छुटा धर्म का सार।
सार छुटा निस्सार ही, हुआ शीशका भार॥

यह सन्तो की भूमि है, सद्गुरुओं का देश।
इसके कण कण में भरा, करूणा का संदेश॥

बीती बातें भूल कर, बैरभाव विसराय।
करूणा मैत्री प्यार से, मनमानस लहराय॥

द्वेष अग्नि पर प्यार की, अमृत वर्षा होय।
सबका मन शीतल करे, सबका मंगल होय॥

मंगल कामना सहित
**एक साधिका**

## हिन्दी

विघ्न हटे, बाधा मिटे, कष्ट सभी कट जायँ।
अधिष्ठानके तेज से, बंधन सब खुल जायँ॥

धर्मदान के पुण्य सें, बहुजन हितसुख होय।
सत्य वचन के तेज से, धरम प्रसारित होय॥

धर्मदान के पुण्य से, बहुजन का हित होय।
सत्य वचन के तेज से, सब विधि मंगल होय॥

जब परहित सेवा करें, धर्म सुमन खिल जाय।
जब निजहित सेवा करें, धर्म सुमन मुरझाय॥

हो न लाभ सत्कार हित, बने नहीं व्यवसाय।
धरमचारिका शुद्ध हो, तो जग मंगल छाय॥

रहे धरम की साधना, सदा शुद्ध निर्दोष।
जो जन के हित खुले, सुखद शान्ति के कोष॥

*मङ्गल कामना सहित*

GREE
**किरारा इलेक्टोनिक्स नेपाल**
**Making Better Air Conditioners**
Kirara Electronics Nepal
Tel: 01-4253900, 4228719
e-mail: kirara@vianet.com.np, web: www.gree.com.cn

*सम्पादक :* रोशनी शाक्य, प्रकाशक : नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्ग, बुढानीलकण्ठ, काठमाडौं। फोन : ४३७१६५५, ४३७१००७ *२०६७ बैशाख*
*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं। फोन : ४२२५४९०, ४२२३९६८, ४२४८९४९, ४२५०५८१, *email:* nvc@mail.com.np
*मुद्रक :* न्यू नेपाल प्रेस, *प्रधान कार्यालय फोन :* ४४३४ ८५०, ४४३४ ७५३; *शाखा कार्यालय फोन :* ४२५ ९०३२, ४२ ९४५०, *फ्याक्स :* (+९७७-१) ४२५८६७८

जि.प्र.का.द.नं. ३८/५१/५२

● आजीवन शुल्क रू. २००/-

साधकको नाम : ..................................................

ठेगाना : ..................................................

..................................................

..................................................

Downloaded from http://www.dhamma.digital